# HISSAN CENTRAL EXAMINATION – 2080(2024)

**कक्षा : १२** **पूर्णाङ्क : ७५**

**समय : ३ घण्टा**

**विषय : अनिवार्य नेपाली (००२१ - D2)**

**विद्यार्थीले सकेसम्म आफ्नै शब्दमा उत्तर दिनुपर्ने छ ।**

१. **तलको अनुच्छेदमा रेखाङ्कन गरिएका शब्दको अक्षर संरचना र अक्षर सङ्ख्या देखाउनुहोस् :** (३)
तनाव रोगको प्रमुख कारण हो । कुनै प्रकारको दबाबबाट तनाव पैदा हुन्छ । कुनै वस्तुमा दबाब या शक्ति लगाएपछि त्यसमा तनाव सिर्जना हुन्छ ।

२. **शुद्ध गरी पुनर्लेखन गर्नुहोस् :** (३)
नेपालमा मनसुनले ल्याएको वर्सामा हावा दक्षिणपुर्वी दिशाबाट अर्थात् बङ्गालको खाडीबाट बहेको हुन्छ । नेपालमा आउने मनसुन दक्षिणपूर्वी मनसुन हो । पानी परेपछिनै नेपालमा खेती सुरु हुन्छ पहीरो जान्छ अनि सडक वन्द हुन्छ ।

३. **कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** (२)
(क) **दिइएका अंशबाट एउटा पारिभाषिक शब्द र एउटा अनुकरणात्मक शब्द पहिचान गरी वाक्यमा प्रयोग गर्नुहोस् :**
गुरुत्वाकर्षणकै कारण रुखमा फलेको फल भुइँमा खुत्रुक्क झर्छ । सूर्यको किरणबाट प्राप्त ऊर्जाकै कारण बोटबिरुवामा फलहरू लटरम्म फल्ने गर्दछन् ।
(ख) **दिइएको अनुच्छेदबाट एउटा टुक्का र एउटा उखान पहिचान गरी तिनलाई वाक्यमा प्रयोग गर्नुहोस् :**
नाच्न नजान्ने आँगन टेढो भने झैं सकिल आफू पढ्दैन तर शिक्षकलाई पढाउन आउँदैन भनी दोषारोपण गर्छ । ऊ परीक्षामा सधैं आलु खान्छ तर आफ्नो आङको भैंसी नदेख्ने अर्काको आङको जुम्रा देख्ने भने झैं सबै दोष जति अरूलाई नै दिन्छ ।

४. **तलको अनुच्छेदमा रेखाङ्कन गरिएका शब्दको पदवर्ग पहिचान गर्नुहोस् :** (३)
गरिमाले बारीबाट टिपेर ल्याएका तरकारी टेबलमाथि राखी । उसले पालुङको साग राम्ररी केलाई । त्यो साग उसले आफ्नै बारीमा उब्जाएकी थिई । ऊ अर्को साल तरकारी खेती गर्ने दाउमा छे ।

५. **तलको अनुच्छेदबाट दुईओटा तत्सम शब्द र दुईओटा आगन्तुक शब्द पहिचान गरी लेख्नुहोस् :** (२)
अक्षता हेरे झैं पत्रिकाका फाइल हेर्दै हार्डडिस्कमा राख्दै गर्न थाल्यो एन्टिभाइरस गोर्खे । आधाजति पुऱ्याएपछि राक्षस जस्तो घिन लाग्दो देखिने भाइरस भेट्यो । झोलाबाट खरानी निकाल्यो । मन्त्र फुकेर रेखा हाल्यो ।

६. **कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** (३)
(क) **तलका उपसर्ग र प्रत्ययबाट एक एक शब्द निर्माण गर्नुहोस् :**
उपसर्ग : अव, आ, ना ।
प्रत्यय : अक्कड, ए, ली ।
(ख) **तलको अनुच्छेदबाट तीनओटा समस्त शब्द र तीनओटा द्वित्व शब्द पहिचान गरी समस्त शब्दको विग्रह र द्वित्व शब्दको निर्माणप्रक्रिया देखाउनुहोस् :**
विद्यार्थीले पढाइबाहेक आल्तुफाल्तु काम गरेर आफ्नो अनमोल जीवन त्यसै खेर फाल्नुहुँदैन । पढाइसढाइ छाडेर अन्य कामधन्दा गर्दा भाग्यरेखा नै बिग्रन्छ । जीवनमा कुन बेला कस्तो विपत्ति एवम् झैझमेला आइपर्छ भन्ने कुरा थाहा नहुने हुँदा केही भइहाल्यो भने पनि आश्चर्यचकित हुनुपर्दैन जस्तो लाग्छ ।

७. **कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** (४)
(क) **तलको अनुच्छेदका रेखाङ्कित पदको कारक पहिचान गरी लेख्नुहोस् :**
म एक दिन घरबाट बाहिर निस्कँ । गाडीबाट बजार पुगँ । बजारका धेरै पसल चहारेँ । एउटा पसल छिरेर मैले आमालाई एउटा स्वेटर किनिदिएँ । मैले मोबाइलबाट केही बेर आमासँग कुराकानी गरे । किनमेल सकेपछि मैले होटेलमा खाजा खाएँ । किनमेल सकिएपछि म ट्याक्सीबाट घर फर्किएँ ।
(ख) **तलका वाक्यलाई सामान्य आदरमा परिवर्तन गर्नुहोस् :**
तपाईं हिजो के काम गर्दै हुनुहुन्थ्यो ? आज पनि केही काम गर्नुहुन्छ कि ? तपाईं धेरै थाक्नुभएको छ । आज तपाईं घरमै आराम गर्नुहोस् ।

८. **कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** (४)
(क) **अभ्यस्त भूत कालका क्रियापदको प्रयोग गरी चार वाक्यमा आफ्नो भाइको नराम्रो बानीको वर्णन गर्नुहोस् ।**
(ख) **तल दिइएका वाक्यलाई करण भए अकरण र अकरण भए करणमा परिवर्तन गर्नुहोस् :**
सन्देश कहिल्यै अरूलाई दुःख दिँदैन । उसले सबैको माया पाएको छ । उसले कसैबाट अपमानित हुनुपरेको छैन । ऊ सबैको प्यारो बनेको छ ।

९. **कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** (४)
(क) **तलका वाक्यहरूलाई एउटै वाक्यमा संश्लेषण गर्नुहोस् :**
सजिता कक्षा बाह्रमा पढ्छिन् । उनी भाइलाई माया गर्छिन् । उनी आमाबुबाले भनेको मान्छिन् । उनको यो बानी राम्रो छ ।
(ख) **तलका वाक्यलाई प्रत्यक्ष कथनमा परिवर्तन गर्नुहोस् :**
प्रशिक्षकले सुबोधलाई क्रिकेट खेलमा लाग्न आग्रह गरे । सुबोधले आजैदेखि आफूले क्रिकेट खेलमा राम्ररी ध्यान दिने कुरा बतायो । प्रशिक्षकले सुबोधलाई अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी गराइदिने आश्वासन दिनुभयो । सुबोधले आफू क्रिकेट खेलमा समर्पित हुने धारणा व्यक्त गऱ्यो ।

१०. **दिइएका अनुच्छेदबाट अन्त्यमा सोधिएका प्रश्नको उत्तर दिनुहोस् :** (५)
झमककुमारी घिमिरेको जन्म वि.सं. २०३७ असार २५ गतेका दिन धनकुटा जिल्लाको कचिँडे गाउँमा भएको हो । बुबा कृष्णबहादुर घिमिरे र आमा आशादेवी घिमिरेकी प्रथम सन्तान झमक अन्य शिशु झैं सामान्य रूपमा जन्मेकी हुन् । समय क्रममा शारीरिक वृद्धि सही किसिमले हुन नसकेपछि परीक्षण गराउँदा उनलाई 'सेरेब्रल पाल्सी' नामको मस्तिष्क रोग भएको पत्ता लाग्यो । हातगोडा नचल्ने, उभिन, हिँड्न र बोल्न नसक्ने भए पनि उनी अरूले भनेको कुरा सुन्न र बुझ्न चाहिँ सक्थिन् । खुट्टाका तीन औँला मात्र चल्ने उनले तिनै तीन औँलाका सहयोगबाट खाना खाने, लुगा लगाउनेलगायतका आफूले सक्ने काम आफैँ गर्छिन् ।
शारीरिक अशक्तता भएकै कारण औपचारिक रूपमा अध्ययन गर्न पाउने अवसरबाट वञ्चित भएकी झमकले घरमा भाइ र बहिनीले पढेलेखेको देखेसुनेर शिक्षा आर्जन गरेकी हुन् । खाने मुखलाई जुँगाले छेक्दैन भने झैं भाइबहिनीका किताब पढ्दै र स्वाध्ययन गर्दै उनले उत्कृष्ट साहित्य सिर्जना गर्न सक्ने योग्यतासमेत हासिल गरिन् । आधा दर्जनभन्दा बढी साहित्यिक कृति रचना गरिसकेकी झमकको सबैभन्दा चर्चित पुस्तक चाहिँ 'जीवन काँडा कि फूल' हो । वि.सं. २०६७ को मदन

पुरस्कार प्राप्त गर्न सफल यस कृतिमा उनले आफूले भोगेको पीडा र सङ्घर्षको गाथा प्रस्तुत गर्नुका साथै समाजमा व्याप्त अन्धविश्वास, भेदभाव, विकृति र विसङ्गतिको अन्त्य हुनुपर्ने विचार व्यक्त गरेकी छन् । यस कृतिको अङ्ग्रेजी, चिनियाँ, आसामी र हिन्दी भाषामा अनुवाद हुनाका साथै चलचित्रसमेत बनिसकेको छ । निरन्तर सङ्घर्ष गर्दै रचेका उत्कृष्ट साहित्यिक कृतिद्वारा उनले नेपाली साहित्य र समाजलाई उल्लेख्य गुन लगाएकी छन् । उनको उच्च मनोबल, उनले गरेको सङ्घर्ष र निरन्तरको साधना प्रत्येक व्यक्तिका लागि प्रेरणादायी बनेको छ ।
आफूले गरेको उल्लेख्य योगदानका कारण उनले 'प्रबल गोरखा दक्षिण बाहु चौथो' लगायत दर्जनौँ पुरस्कार एवम् सम्मान पनि प्राप्त गरिसकेकी छन् । मध्यपश्चिम विश्वविद्यालयले उनलाई मानार्थ विद्यावारिधि उपाधिबाट समेत सम्मान गरिसकेको छ । नेपाल सरकारले रु. एक करोड असी लाखको लागतमा काठमाडौँमा आवास निर्माण गरिदिएर उनलाई सम्मान गरेको छ । उनी अहिले साहित्य सिर्जनामा पूर्णतः समर्पित छिन् । यसरी आफू अशक्त भएर पनि सङ्घर्ष गर्दै साहित्यको सिर्जनामा निरन्तर समर्पित भइरहने झमक नेपाली साहित्यकी विशिष्ट रत्न हुन् ।

**प्रश्नहरू**

(क) झमकमा के कस्ता स्वास्थ्य समस्या देखिए ?
(ख) झमकले कसरी शिक्षा आर्जन गरिन् ?
(ग) 'जीवन काँडा कि फूल' कृतिका विशेषता के कस्ता छन् ?
(घ) झमकले के कस्ता पुरस्कार र सम्मान पाएकी छन् ?
(ङ) झमकको जीवनबाट के कस्तो प्रेरणा पाइन्छ ?

**११. दिइएको अनुच्छेदबाट मुख्य मुख्य चारओटा बुँदा टिपोट गरी सारांश लेख्नुहोस् :** (२+३=५)

जिज्ञासा नै ज्ञानको बीज हो । जिज्ञासा वृत्तिलाई विकसित गर्नु र त्यसमा उत्तम संस्कारको स्थापना गर्नुमा नै शिक्षाको उपयोगिता रहेको हुन्छ । यसै कारणले जुन शिक्षाले मानवका सद्वृत्तिको जागरण गर्दैन, जसले मानवलाई भोगप्रधान प्रेयोमार्गबाट कल्याणप्रधान श्रेयोमार्गतर्फ लग्दैन, मानव मनमा पसेर मानवलाई एक श्रेष्ठ जीवनस्वप्नले भरिदिँदैन त्यो शिक्षा होइन, साक्षरता मात्र हो । आज यस किसिमको साक्षरता नै संसारका अनेक जटिल समस्याको कारण बन्न पुगेको छ । यस कारण शिक्षा हाम्रो धर्म र संस्कृतिको अनुकूल हुनैपर्छ । विद्यार्थीले विद्यालयमा मात्र सबै कुरा सिक्छन् भन्नु ठुलो भुल हुन जान्छ । बालक परिवारमा, बाटामा, मित्रसम्पर्कमा र सर्वत्र केही न केही सिकिरहेको हुन्छ । ऊ आफ्ना मातापिता, बन्धुबान्धव, साथीसँगाती, परिचित, अपरिचित मानिसका व्यवहारबाट पनि धेरथोर सिकिरहेको हुन्छ । यस कारण समाजको वातावरण आजको जस्तो दूषित हुनुहुँदैन । समाजको वातावरणको परिष्कार गर्नु अत्यन्त आवश्यक छ । यसका लागि अर्थप्रधान जीवनदृष्टिका ठाउँमा कर्तव्यप्रधान जीवनदृष्टिको स्थापना अत्यन्त आवश्यक हुन आउँछ । कर्तव्यप्रधान जीवनदृष्टिको निर्माण संस्कृतिमूलक शिक्षाबाट हुने गर्छ । यस्तो शिक्षाबाट मानव असल त हुन्छ नै साथै सफल पनि हुन्छ ।

**१२. कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** (४)

(क) जनसेवा पुस्तक भण्डार, चितवनले पाठ्यपुस्तकहरू पठाइदिन अनुरोध गर्दै जनक शिक्षा सामग्री केन्द्र, भक्तपुरलाई लेख्ने चिठीको नुमना तयार गर्नुहोस् ।
(ख) कक्षा बाह्रको नेपाली विषयको उत्तरपुस्तिका परीक्षण गरेबापतको पारिश्रमिक लिन जान आफू असमर्थ भएको कारण खुलाउँदै आफ्नो भाइलाई सो पारिश्रमिक उपलब्ध गराइदिन अनुरोध गर्दै परीक्षकका तर्फबाट राष्ट्रिय परीक्षा बोर्डलाई लेख्ने मन्जुरीनामाको नमुना तयार पार्नुहोस् ।

**१३. कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** (५)

(क) विद्यालयले आयोजना गरेको शैक्षिक भ्रमण कार्यक्रमको विवरण समेटेर १५० शब्दसम्मको प्रतिवेदन तयार पार्नुहोस् ।
(ख) 'युवावर्गमा बढ्दो लागु पदार्थको दुर्व्यसन' शीर्षकमा १५० शब्दसम्मको टिप्पणी लेख्नुहोस् ।

**१४. कुनै एकको व्याख्या गर्नुहोस् :** (४)

(क) नेपाललाई प्रकृतिले अपार स्रोत साधन दिएको छ ।
(ख) मानिसलाई जात, वर्ग, वर्ण, लिङ्ग, क्षेत्रीयता आदिका आधारमा गरिने विभेद पटक्कै राम्रो होइन ।

**१५. कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** (४)

**(क) दिइएको कवितांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

मग मग बुकी फूलको वासनाले ढाक्ला
उत्तरमा झुक्ने धुपी उत्तरैमा डाक्ला
नागियुँमा उक्लियौँला नेटो काटी आफैँ
जहाँबाट प्वाँख खोल्छ नउरङ्गे डाँफे ।

**प्रश्नहरू**

(अ) माथिको कवितांशमा हिमाली क्षेत्रको कस्तो परिवेशको चित्रण गरिएको छ ?
(आ) "उत्तरमा झुक्ने धुपी उत्तरैमा डाक्ला" भन्नाको तात्पर्य के हो ?

**(ख) दिइएको रिपोर्ताज अंश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

"हेर्नुहोस् सर, आजको युग प्रतिस्पर्धाको युग हो, एकाधिकारको होइन । हामीले राम्रा र उपयोगी वस्तुको उत्पादन गर्न सक्यौँ भने बजारको समस्या हुँदैन । विश्वव्यापीकरणको आजको युगमा नेपालीहरू संसारभर छरिएर रहेका छन् । विश्वको जुनसुकै कुनामा पुगे पनि नेपालीले आफ्नो मौलिकता र पहिचानलाई भुलेका छैनन् । उनीहरू उपलब्ध भएसम्म आफ्ना मौलिक वस्तुको उपभोग गर्न रुचाउँछन् । आज विश्वभर कृत्रिम र विषादीयुक्त खानपानका कारण अनेक रोग निम्तिएका छन् । नेपाल जस्तो प्रकृतिको सुन्दर देशमा हामीले अर्गानिक तथा प्राकृतिक वस्तुको उत्पादन गर्न सक्यौँ भने हाम्रा उत्पादन संसारभर बिक्ने छन् । त्यसैले प्रतिस्पर्धी थपिँदैमा आत्तिनुपर्दैन । बजारको विस्तारसँगै कुनै एउटा उद्योगको उत्पादनले मात्र सबैको माग र आवश्यकता पूरा गर्दैन । कुनै एक क्षेत्रमा स्थापित उद्योगले सबैको चाहना र आवश्यकताको परिपूर्ति सम्भव छैन ।"

**प्रश्नहरू**

(अ) नेपाली उत्पादन संसारभर बिकाउन के गर्नुपर्दछ ?
(आ) प्रतिस्पर्धी थपिँदैमा किन आत्तिनुपर्दैन भनिएको हो ?

**१६. कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** (४)

(क) 'आमाको सपना' कविताका अनुसार क्रान्ति किन आवश्यक छ ? प्रतिक्रिया लेख्नुहोस् ।
(ख) 'एक चिहान' उपन्यासमा रन्जनादेवीले नानीथकुँलाई किन सम्झाएकी हुन् ? आफ्नो विचार प्रस्तुत गर्नुहोस् ।

**१७. कुनै एक प्रश्नको समीक्षात्मक उत्तर दिनुहोस् :** (८)

(क) 'मातृत्व' कथाकी ममताका चारित्रिक विशेषता के कस्ता छन् ? विवेचना गर्नुहोस् ।

(ख) सहकारीका माध्यमबाट नेपाललाई कसरी संसारकै समुन्नत र सुखी मुलुक बनाउन सकिन्छ ? पाठका आधारमा विवेचना गर्नुहोस् ।

**१८. कुनै एक शीर्षकमा कम्तीमा २५० शब्दसम्मको निबन्ध लेख्नुहोस् :** (८)

(क) मलाई मनपर्ने पुस्तक

(ख) भ्रष्टाचार : नेपालको आर्थिक विकासको मुख्य बाधक

(ग) नेपालमा क्रिकेट खेलप्रति युवावर्गको रुचि

** **समाप्त** **